जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक २४ २०७७ साल साउन ३१ गते शनिबार (15 Aug 2020 Saturday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कसैको ज्यान मारेमा जन्मकैदसम्मको सजाय हुने,
- इजाजत प्राप्त नगरेको व्यक्तिले इलाज गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँम्म जरिबाना हुने तर त्यसरी इलाज गर्दा ज्यान मरेमा जन्मकैद र अंगभंग भएमा पन्ध्र वर्षसम्म कैद हुने,
- मञ्जुरी विना मानव शरीरमा कुनै परीक्षण गर्नेलाई तीन बर्षसम्म कैद र तिस हजार रुपैयाँम्म जरिबाना हुने तर त्यसरी परीक्षण गर्दा ज्यान मरेमा, ज्यान मारे सरह र अंगभंग भएमा अंगभंग भए सरह सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : सातै प्रदेशमा युवा नवप्रर्द्धन.. ३ पृष्ठमा : सरकारको सार्थक पहल : ८६... ३ पृष्ठमा : कोरोनाविरुद्ध रुसले...

# सप्तरीमा १० हजार भन्दा बढीको स्वाब संकलन, थप १२ जनामा कोरोना पुष्टि



*फायल तस्बिर*

**दैनिक समाचारदाता**
**राजविराज, ३० साउन ।**

सप्तरी जिल्लामा हालसम्म १० हजार भन्दा बढी व्यक्तिको स्वाब संकलन गरिएको छ ।

शुक्रबारसम्ममा जिल्लामा कुल १० हजार ८ सय ७ जनाको स्वाब संकलन गरिएको जसमध्ये ९ हजार ८ सय ५ जनाको पिसिआर परिक्षण कार्य सम्पन्न भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

यसरी सम्पन्न पिसिआर परिक्षणबाट हालसम्म ९ हजार १ सय ७८ जनाको नेगेटिभ तथा ६ सय २७ जनाको रिपोर्ट पोजेटिभ देखिएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

यस्तै कुल संक्रमित मध्ये १ सय ११ जना साईकृष्ण मेडिकल कलेज, ३४ जना तिलाठी कोइलाडी गाउँपालिका तथा ४४ जना होम आइसोलेशनमा रहेको र अन्य निको भएर घर फर्किसकेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

यस्तै दैनिक कोरोना संक्रमित फेला पर्दै गएको सप्तरीमा शुक्रवार थप १२ जनामा कोरोना पुष्टि भएको छ । योसँगै जिल्लामा संक्रमितको संख्या ६ सय ३९ पुगेको छ ।

शुक्रवार सार्वजनिक गरिएको रिपोर्टमा १२ जनाको पोजेटिभ र ९० जनाको रिपोर्ट नेगेटिभ आएको छ ।

राजविराज वडा नं. ४ का ३ जना, वडा नं. २, ५ र ६ का एक/एक जनामा कोरोना पुष्टि भएको जिल्ला जनस्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

त्यस्तै खडक नगरपालिकाका तीन तथा सप्तकोशी नगरपालिका, बोदेबरसाईन नगरपालिका र विष्णुपुर गाउँपालिकाका एक/एक जनामा कोरोना पुष्टि भएको छ । यसअघि बिहीबार राती पनि थप ११ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ ।

# पहिरामा परेर एकै दिन १७ को मृत्यु, २८ बेपत्ता

काठमाडौं, ३० साउन (रासस) ।

मुलुकका विभिन्न क्षेत्रमा पहिरामा परेर शुक्रबार एकै दिन १७ जनाको मृत्यु भएको छ । अन्य २८ जना बेपत्ता छन् ।

सबैभन्दा ठूलो पहिरो सिन्धुपाल्चोकको जुगल गाउँपालिका-२ लिदीमा खसेको छ । त्यसगाउँमा मात्रै १० जनाको मृत्यु भएको र अन्य २८ जना बेपत्ता रहेका गृहमन्त्रालयअन्तर्गत राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रका प्रमुख मुरारी ओस्तीले जानकारी दिनुभयो । बेपत्ता भएकाको खोजी जारी छ ।

स्थानीयवासीले जोखिम क्षेत्र पहिचान गरी उच्च सावधानी अपनाउँदै आए पनि अन्ततः पहिराबाट जोगिएनन् । स्थानीय प्रशासनलाई ज्ञापनपत्र बुझाउँदै बस्ती व्यवस्थापन गर्न मागसमेत गरे पनि सुनुवाइ हुन सकेको थिएन ।

शुक्रबारै सभामुख अग्निप्रसाद सापकोटा र गृहमन्त्री रामबहादुर थापाले पहिराग्रस्त क्षेत्र पुगेर स्लथगत अनुगमन गर्नुभएको छ । पाँच घाइतेलाई उपचार गरेर अस्पताल ल्याइएको छ । यस्तै सरकारबाट टेन्ट त्रिपालसहित केही राहत सामग्रीसमेत पुर्‍याइएको छ ।

ओस्तीका अनुसार कालीकोटको महावै गाउँपालिका-३ नकुमा पनि पहिरामा परेर एकै परिवारका छ जनाको मृत्यु भएको छ । अन्य दुईजना घाइते छन् । माथिबाट पहिराले उनीहरूको घर थिचेको थियो ।

मकवानपुरको थाहा नगरपालिका-१२ गैरीगाउँस्थित एक ढुङ्गाखानीमा माथिबाट पहिरो खस्दा शुक्रबार एक जनाको मृत्यु भएको ओस्तीले जानकारी

*बाँकी अन्तिम पृष्ठमा*




# प्रहरी र समाजले हस्तक्षेप गरेपछि बालविवाह रोकियो

**दैनिक समाचारदाता**
**राजविराज, ३० साउन ।**

सप्तरीमा शुक्रबार हुन लागेको एक बालविवाह स्थानिय समाज र प्रहरीको संयुक्त हस्तक्षेपले रोकिएको छ ।

जिल्लाको शम्भुनाथ मन्दिरमा शुक्रबार अग्निसाईर कृष्णसवरण गाउँपालिका ४ का लड्डु दासकी १५ वर्षिया छोरी निर्मलाको हुन लागेको बिवाह रोकिएको हो ।

सप्तरीकै विष्णुपुर गाउँपालिका वडा नं. ६ रन्जितपुरका ३२ वर्षिय बिन्देश्वर दाससँग उनको विबवाह हुन लागेको थियो । प्रहरीले सूचना पाएपछि प्रहरीको एक टोली बालिकाको घर पुगेको थियो ।

प्रहरी र नागरिक अगुवाले बेहुलीका आमाबुबालाई उमेर नपुगि छोरीको बिवाह गर्न पाइन्न् भन्ने कानुनी व्यवस्था बारे समेत सम्झाएपछि उनीहरु विवाह रोक्न राजी भएका थिए ।

आर्थिक अवस्था निकै कमजोर रहेका निर्मलाका आमाबुबाले आफूहरुसँग दाइजो दिने रकम नभएको तथा दाइजो बिना नै आर्थिक रुपमा सम्पन्न परिवारका केटा पाएकाले छोरीको उमेरको ख्यालै नगरि बिवाह गर्न लागेको सुनाए । तर, एकातिर छोरीको उमेर नपुगेको र अर्कोतिर दोब्बर उमेरका केटासँग बिवाह गर्नु हुदैन भन्ने बारे टोलीले सम्झाएपछि निर्मलाका आमाबुबा छोरीको बिवहाबाट पछि हटे ।

यता बेहुली लिन गएका गाडी रित्तै फर्किएको देखेपछि र गाडी चालकले बेहुलीको घरमा प्रहरी

*बाँकी अन्तिम पृष्ठमा*

**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

# सतर्कता अपनाई महामारीलाई हराऔं

सप्तरी जिल्ला अहिले पूर्ण रुपमा बन्दाबन्दीको अवस्थामा रहेको छ । कोरोना महामारीले भयाभह रुप लिन सुरु गरेपछि जिल्लामा पुनः बन्दाबन्दीको अवस्था सृजना भएको हो । महामारी नियन्त्रण तथा रोकथामका लागि गत चैतको ११ गतेदेखी सरकारले मुलुक नै लकडाउन गरेपछि त्यसको झण्डै चार महिनापछि साउन ७ गते लकडाउन अन्त्यको घोषणा गरेको थियो ।

तर, मुलुक लकडाउनबाट मुक्ति पाएसँगै राजविराज नगरपालिका भने सोही दिनदेखी पुनः लकडाउनमा गयो । एक स्थानिय व्यापारीको कोरोनाका कारण मृत्यु भएपछि नगरमा उनको सम्पर्कमा आएका व्यक्तिहरुमा पनि संक्रमण देखापर्न थालेपछि नगरलाई लकडाउन गर्न बाध्य बनायो । नगर लकडाउन भएको एक सातापछि जिल्लानै लकडाउन गर्ने अवस्था सृजना भएपछि यहाँका जनता झनै त्रसित भए । यो रोग सरुवा भएकोले यसबाट बच्न आफै सतर्क रहनुपर्ने हो । तर, अहिले पनि मानिसहरु यसलाई हेलचक्राई नै गर्छन् ।

महामारीलाई हल्का रुपमा नलिईकन यसलाई गम्भिर रुपमा लिनुपर्दछ । यसबाट बच्न र अरुलाई बचाउन सावधानी नै हो । तसर्थ यस्तो महामारीको समयमा सम्पूर्ण जनताले सरकारी नियमको पालना गरि महामारीलाई हराउन प्रयासरत हुनुपर्दछ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# सातै प्रदेशमा युवा नवप्रर्द्धन केन्द्र स्थापना हुँदै

काठमाडौँ, ३० साउन (रासस) ।

स्वदेशमा रोजगारी नपाएर युवा विदेशिनु परिरहेको स्थितिमा युवाको समग्र क्षमता अभिवृद्धिका लागि सातै प्रदेशमा नवप्रर्द्धन केन्द्र स्थापना शुरु भएको छ ।

कोभिड- १९ का कारण श्रमका लागि विदेश गएका युवाहरु स्वदेश फर्कन थालेका बेला सरकारको नीति तथा कार्यक्रम कार्यान्वयनका क्रममा राष्ट्रिय युवा परिषद्‌बाट उक्त कार्य अघि बढेको हो । परिषद्‌ले हाल बागमती प्रदेशका लागि काभ्रेस्थित काठमाडौँ विश्वविद्यालय र नमोबुद्ध नगरपालिकाको सहकार्यमा काभ्रेमा र प्रदेश नं. १ का लागि प्रदेशको सामाजिक विकास मन्त्रालय, मोरङस्थित मदन भण्डारी स्मृति प्रतिष्ठानको सहकार्यमा केन्द्र स्थापनाका लागि जग्गा प्राप्ति र अन्य काम अघि बढाएको हो । परिषद्‌का कार्यकारी उपाध्यक्ष माधवप्रसाद ढुङ्गेलले अन्य प्रदेशमा केन्द्र स्थापनाका लागि पनि पहल भइरहेको जनाउनुभयो ।

नेपाल सरकारको चालू आर्थिक वर्षको नीति तथा कार्यक्रममा नवप्रर्वतनकारी (इनोभेटिभ) युवा तथा अन्य उद्यमी र वैदेशिक रोजगारीबाट फर्केका अनुभव तथा सीपयुक्त उद्यमशील युवालाई उद्यम व्यवसाय शुरु गर्न शुरुवाती पूँजी उपलब्ध गराइने, उद्यम व्यावसाय, गर्न क्षमता विकास प्रविधि हस्तान्तरण वित्तीय पहुँच र बजारीकरणका कार्यक्रमसँग आवद्ध गर्न हाल सञ्चालित कार्यक्रमलाई पुनः संरचना गरी सबै प्रदेशमा विस्तार गरिन उल्लेछ । उक्त कार्यक्रममा शिक्षित बेरोजगार युवालाई प्रमाणपत्र र परियोजनाका आधारमा पूँची उपलब्ध गराइ उनीहरुको शिक्षासँग सम्बन्धित व्यावसाय सञ्चालन गर्न परियोजना निर्माणमा समेत सहयोग गरी उत्प्रेरित गर्ने उल्लेख छ ।

हाल नेपालमा ४० दशमलव ३५ प्रतिशत (एक करोड सात लाख) युवा छन् । रोजगारीका लागि दैनिक एक हजार पाँच सय युवा विदेश जाने गरेका छन् । विदेश जाने युवामध्ये वार्षिक करीब साढे पाँच लाख युवा अर्धदक्ष छन् । बेरोजगारी १९ दशमलव २ प्रतिशत र युवा साक्षरता दर ७१ प्रतिशत छ । युवा विकासमा नेपाल विश्वमा ७७ औँ, शिक्षामा १३० औँ, रोजगारीमा ६६ औँ, नागरिक सहभागितामा ४३ औँ र राजनीतिक स्थानमा १७९ औँ स्थानमा छ । नेपालको सङ्घीय संसद्‌मा १३ प्रतिशत युवा सहभागिता छ । नेपालमा १६ देखि ४० वर्ष उमेर समूहलाई युवा मानिन्छ ।

मुलुकमा राष्ट्रिय युवा नीति, २०७२ जारीपछि परिषद्‌को ऐन जारी भई कार्यान्वयनको निकायका रुपमा परिषद् गठन भएको हो । राजनीतिक सहभागिता र चेतनाका दृष्टिले युवाहरु अगाडि रहे पनि नीति निर्माणमा उनीहरुको सहभागिता कमजोर रहेको मानिन्छ । युवा तथा खेलकुद मन्त्रालयले युभभिजन सन् २०२५ मा उल्लेखित १० वर्षे रणनीतिक योजनामा 'नेपाली युवालाई सबल, सक्षम, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउँदै उनीहरूको सार्थक सहभागिता र नेतृत्व क्षमताको विकासमार्फत आधुनिक, न्यायपूर्ण र समृद्ध नेपाल निर्माण भएको हुने' उल्लेख छ । भिजनमा 'जीवनोपयोगी शिक्षा, रोजगार, स्वास्थ्य र सामाजिक सुरक्षालगायतका युवा विकासका क्षेत्रमा व्यापक लगानी गरी आम युवा सहभागिता, सहकार्य र नेतृत्व विकास मार्फत आगामी १० वर्षभित्र राष्ट्रिय समृद्धि, समानता र सामाजिक न्याय हासिल गर्दै देशलाई अति कम विकसित राष्ट्रबाट द्रुत विकासशील राष्ट्रमा पुऱ्याउन सक्षम जनशक्ति तयार गर्ने' दीर्घकालीन लक्ष्य निर्धारण गरिएको छ ।

अन्तरराष्ट्रिय युवा दिवस २०२० का सन्दर्भमा शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिई) नेपालले आज भर्चुअलरुपमा आयोजना गरेको 'युवाका लागि युवा' विषयक छलफलमा उपाध्यक्ष ढुङ्गेलले युवा स्वरोजगार कार्यक्रम, ऋण, अनुदान र सीप विकासमा पनि आफूहरुले साझेदारी गरिरहेको बताउनुभयो । कोभिड-१९ विरुद्ध सम्पूर्ण विश्व जुधिरहेको स्थितिमा नेपालको मानवीय जनशक्तिको दक्षता, धैर्य र नेतृत्वलाई कसरी समृद्ध नेपाल निर्माणमा जोड्न सकिन्छ भन्नेमा वक्ताहरुको जोड थियो । उनीहरुले युवा संलग्नताले समृद्ध नेपालको आधार खडा गर्ने भएकाले आर्थिक, सामाजिक, मानसिक तथा शारीरिक विकास हुनुपर्ने जनाए । जनसाङ्ख्यिक लाभांश लिन सक्ने स्थितिमा युवाहरु विदेशिनु चिन्ताजनक रहेको उनीहरुको भनाइ छ ।

विद्यार्थी सङ्गठन अनेरास्ववियुकी नेत्री सुनिता बरालले स्थानीय तहदेखि केन्द्रसम्म नीति निर्माणमा युवाहरुले हस्तक्षेप गरेर समृद्ध नेपालमा अग्रसर हुनुपर्ने जनाउनुभयो ।

नेपाल विद्यार्थी सङ्घका महामन्त्री युवराज पाण्डेले राजनीतिक परिवर्तनमा युवाहरुको सक्रिय सहभागिता रहेकाले नृतृत्वमा पनि उनीहरुको हस्ताक्षेपकारी भूमिका हुनुपर्ने बताउनुभयो ।

टिच फर नेपालका प्रमुख कार्यकारी अधिकृत स्वस्तिका श्रेष्ठले युवा विकासका लागि शिक्षामा लगानी बढाउन आग्रह गर्नुभयो भने ब्लाइन्ड रक्सका संस्थापक सृष्टि केसीले अपाङ्गता भएका युवाहरुका पनि सुन्दर जीवनका लक्ष्यहरु रहेकाले त्यस अनुभूतिलाई सबैले गर्न सक्नुपर्ने बताउनुभयो ।

एनसिई नेपालका अध्यक्ष डिल्लीराम सुवेदीले शिक्षालाई मानवअधिकारको दृष्टिबाट वकालत गर्दै आएको जनाउँदै गुणस्तरीय शिक्षामा सबैका लागि समान अवसर सिर्जना नभएमा समृद्धिमा चुनौती उत्पन्न हुने बताउनुभयो । अभियानका उपाध्यक्ष राजेन्द्र पहाडीले संवादबाट प्राप्त निचोड र सुझावहरु कार्यान्वयनका लागि नीति निर्माणको तहमा सम्प्रेषित गरिने जनाउनुभयो । सो अभियानमा ४०० भन्दाबढी शैक्षिक संस्था आबद्ध छन् ।

## प्रहरी सहायक निरीक्षक कार्की पक्राउ

काठमाडौँ, ३० साउन (रासस) ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रहरी कल्याण कोष पेट्रोल पम्प नक्सालमा कार्यरत प्रहरी सहायक निरीक्षक दिलीप कार्कीलाई पक्राउ गरेको छ ।

कार्कीले सो पेट्रोल पम्पमा रहँदा आर्थिक वर्ष ०७४/७५ र आव ०७५/७६ मा रु एक करोड आठ लाख ९९ हजार १८४ रकम हिनामिना गरेको अभियोग लागेको छ । प्रहरी प्रधान कार्यालय नक्सालको पत्रसहित बिहीबार आयोगमा जानकारी आएकाले कार्कीलाई पक्राउ गरिएको हो । आयोगका प्रवक्ता तारानाथ अधिकारीले आरोपी कार्कीको अनुसन्धान भइरहेको छ ।


हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

यी रोगसँ बचबाक लेल की करैय परतई ?

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

आरो ध्यान देववाला बात :

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता - सतिश कुमार सिंह

अध्यक्ष

तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

# सरकारको सार्थक पहल : ८६ प्रतिशत घरमा पुग्यो राष्ट्रिय प्रसारणको बिजुली

काठमाडौँ, ३० साउन (रासस) ।

सरकारको सार्थक पहलका कारण ८६ प्रतिशतभन्दा बढी घरपरिवारमा विद्युत् सेवा पुगेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको नेतृत्व र नेपाल विद्युत् प्राधिकरणको अहोरात्रको प्रयासपछि ८६.४४ प्रतिशत घरमा विद्युत् सेवा पुगेको हो । ती घरमा राष्ट्रिय प्रसारण प्रणालीको विद्युत् पुगेको हो ।

ऊर्जामन्त्री वर्षमान पुनले पद सम्हालेलगत्तै सार्वजनकि गर्नुभएको श्वेतपत्र तथा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको सार्थक पहलपछि नागरिकले सहजरूपमा विद्युत् सेवा पाएका हुन् । आगामी दुई वर्षभित्र सबै घरमा विद्युत् सेवा पुऱ्याउने लक्ष्यका साथ हाल काम भइरहेको छ ।

प्राधिकरणको तथ्याङ्कअनुसार राष्ट्रिय ग्रिडमार्फत सबैभन्दा बढी प्रदेश नं २ का घरमा विद्युत्को पहुँच पुगेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा छ । प्रदेश नं २ मा राष्ट्रिय प्रसारण प्रणालीमार्फत ९९.०५ घरमा विद्युत् पुगेको प्राधिकरणको विवरणमा समावेश छ । प्राधिकरणले कर्णाली प्रदेशमा ३४.७४ प्रतिशतमा मात्रै विद्युत् सेवा पुऱ्याएको छ । आगामी दुई वर्षभित्र कर्णालीका धेरै जसो स्थानमा विद्युत् पुऱ्याउने लक्ष्य राखिएको छ ।

सरकारले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत राष्ट्रिय ग्रिड पुग्न नसकेमा ठाउँमा सौर्य, लघुजलविद्युत् लगायतका माध्यमबाट पनि विद्युतीकरण गर्दै आएको छ । सो समेत जोड्दा झण्डै ९० प्रतिशत जनसङ्ख्यामा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको तथ्याङ्कअनुसार अहिले ९० प्रतिशतभन्दा बढी जनसङ्ख्यामा विद्युत्को पहुँच पुगेको छ ।

आव ०७२/७३ मा ६२.१६ प्रतिशत घरपरिवारमा मात्रै विद्युतीकरण भएको थियो । सोही आवमा प्राधिकरणको कार्यकारी निर्देशकमा घिसिङ नियुक्त हुनुभएको थियो । पछिल्ला चार वर्षको अवधिमा २३.२८ बढी विद्युत्को पहुँचमा वृद्धि भई हाल ८६.४४ प्रतिशत पुगेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, “आगामी साढे दुई वर्षभित्र हरेक नेपालीको घरमा विद्युत्को पहुँच पुऱ्याउने लक्ष्यका साथ विद्युतीकरण अगाडि बढाएका छौँ, यसका लागि बजेटको जोहो भइसकेको छ ।”

एसियाली पूर्वाधार लगानी बैंकले कम विद्युतीकरण भएका कर्णाली र सुदूरपश्चिम प्रदेशका लागि सहुलियतपूर्ण ऋण प्रवाह गर्ने भएको छ । सरकारले विसं २०७९ भित्रमा प्रत्येक घरधुरीमा विद्युत् सेवा पुऱ्याउने र चार वर्षभित्रमा प्रतिव्यक्ति विद्युत् खपतलाई ७०० युनिट पुऱ्याउने लक्ष्य तय गरेको छ । हाल प्रतिव्यक्ति ऊर्जा खपत २६० युनिट पुगेको छ ।

कर्णाली प्रदेशमा राष्ट्रिय प्रसारण प्रणालीबाट ३०.५७ र अफ ग्रिडबाट ४.१७ प्रतिशत विद्युतीकरण गरिएको छ । कर्णाली प्रदेशका १० जिल्लामध्ये हुम्ला, जुम्ला, डोल्पा, कालीकोट र मुगुमा अहिलेसम्म राष्ट्रिय प्रसारण ग्रिड पुग्न सकेको छैन ।

प्राधिकरणले ती जिल्लामा लघु जलविद्युत् आयोजनामार्फत विद्युत् आपूर्ति गरिरहेको छ । भौगोलिक कठिनाइ तथा विकटताले गर्दा कर्णाली प्रदेशमा विद्युतीकरण चुनौतीपूर्ण रहेको कार्यकारी निर्देशक घिसिङले बताउनुभयो ।

प्रदेश नं २ का आठ जिल्लामध्ये सिराहा, धनुषा, महोत्तरी, बारा र पर्सामा ९९ प्रतिशतभन्दा बढी विद्युतीकरण भएको छ । प्रदेश नं २ पछि वाग्मती प्रदेशमा सबैभन्दा बढी विद्युतीकरण भएको छ । सो प्रदेशमा ९४.४४ प्रतिशत विद्युतीकरण भएको हो । यस प्रदेशका काठमाडौँ, भक्तपुर र नुवाकोटमा पूर्ण विद्युतीकरण भएको छ । सिन्धुलीमा सबैभन्दा कम ६९.५१ प्रतिशत मात्रै विद्युतीकरण भएको छ ।

गण्डकी प्रदेशमा ९२.७९ प्रतिशत विद्युतीकरण भएको छ । यस प्रदेशका ११ जिल्लामध्ये स्याङ्जा र पर्वतमा पूर्ण विद्युतीकरण भएको छ । मनाङमा सबैभन्दा कम ६४ प्रतिशत मात्रै विद्युतीकरण भएको छ । लमजुङ, तनहुँ, कास्की, म्याग्दी र बाग्लुङमा ९० प्रतिशतभन्दा बढी विद्युतीकरण भएको छ ।

प्रदेश नं ५ मा ९१ प्रतिशत विद्युतीकरण भएको छ । प्रदेश नं ५ का १२ जिल्लामध्ये नवलपरासी, कपिलवस्तु र बर्दियामा ९९ प्रतिशतभन्दा बढी विद्युतीकरण भएको छ । गुल्मी, अर्घाखाँची र रुपन्देहीमा ९५ प्रतिशभन्दा बढी र रुकुम पूर्वमा सबैभन्दा कम ११.२५ प्रतिशत मात्रै विद्युतीकरण भएको छ ।

प्रदेश नं १ मा ८२.४३ प्रतिशत विद्युतीकरण भएको छ । प्रदेश नं १ मा पर्ने १४ जिल्लामध्ये सबैभन्दा बढी धनकुटामा ९७ र सबैभन्दा कम सोलुखुम्बुमा १३.५५ प्रतिशत विद्युतीकरण भएको छ । झापा, मोरङ र सुनसरीमा ९० प्रतिशतभन्दा बढी विद्युतीकरण भएको छ ।

सुदूरपश्चिम प्रदेशमा ६४.६९ प्रतिशत विद्युतीकरण भएको छ । यस प्रदेशमा पर्ने नौ जिल्लामध्ये सबैभन्दा बढी कञ्चनपुरमा ९२.७९ र कम बझाङमा १०.२१ प्रतिशत मात्रै विद्युतीकरण भएको छ ।

गत आव ०७६/७७ सम्ममा प्राधिकरणका विद्युत् ग्राहक सङ्ख्या करीब ४२ लाख पुगेको छ । यो विगत चार वर्ष अगाडिको तुलनामा करीब ४२ प्रतिशतले बढी भएको प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले बताउनुभयो । सामुदायिक र बुटवल पावर कम्पनीको समेत गर्दा विद्युत्का कूल ग्राहक सङ्ख्या ४८ लाख पुगेको छ ।

ग्रिड पुऱ्याउन सम्भव नहुने स्थानमा ब्याट्री स्टोरेज प्रणालीसहितको माइक्रो-हाइड्रो, सोलार तथा वायु ऊर्जाको उपयोग गर्ने सरकारको योजना छ । हरेक नेपालीको पहुँचमा विद्युत् पुऱ्याउने सरकारको लक्ष्य पूरा गर्न र उपभोक्तालाई पर्याप्त, नियमित, भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्ति गर्न हरसम्भव प्रयास गरिएको कार्यकारी निर्देशक घिसिङले बताउनुभयो ।

## न्यायालयको अनियमितता रोक्न समिति गठन

काठमाडौँ, ३० साउन (रासस) ।

सर्वोच्च अदालतले न्यायपालिकामा हुन सक्ने विकृति, विसङ्गति, अनियमितता, भ्रष्टाचार एवं विचौलिया प्रवृत्ति रोक्नका लागि न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वमा एक समिति गठन गरेको छ । समितिका सदस्यमा न्याय परिषद्, महान्यायाधिवक्ताको कार्यालय, नेपाल बार एशोसिएशन र सर्वोच्च अदालत बार एशोसिएशनका प्रतिनिधि रहनुहुनेछ ।

न्यायपालिकाभित्र भ्रष्टाचार मौलाउँदै गएको र नियन्त्रणका लागि कुनै पहल नगरिएको जनाउँदै बार र वरिष्ठ अधिवक्ताहरूले समिति गठन गरेर अध्ययन गरी अनियमितता नियन्त्रण गर्न प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराको ध्यानाकर्षण गराएका थिए ।अदालतमा बिचौलियाबाट हुन सक्ने क्रियापलाप तथा त्यसको रोकथामका उपायका सम्बन्धमा यसअघि भएका अध्ययन प्रतिवेदनसमेतको अध्ययन गरी त्यस्ता क्रियाकलाप कानूनी र संस्थागत रुपमै रोक्न समितिलाई तीन महिनाभित्र प्रतिवेदन पेश गर्न भनिएको छ ।


## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा “कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष” खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**
**शाखा : सिंहदरबार परिसर**
**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**
**खाना नं.: १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


## विश्व समाचार

### दिल्लीमा गत २४ घण्टामा एक हजार १९२ कोभिड-१९ संक्रमित, एघारको मृत्यु

नयाँ दिल्ली, ३० साउन (रासस/एएनआई) ।

भारतको राजधानी शहर नयाँ दिल्लीमा गत २४ घण्टाको अवधिमा थप एक हजार १९२ व्यक्तिमा कोरोना सङ्क्रमण पुष्टि भएको छ भने थप ११ सङ्क्रमितको मृत्यु भएको राज्य सरकारले जानकारी गराएको छ । योसँगै दिल्लीमा शुक्रबारसम्म सङ्क्रमित भएका व्यक्तिको सङ्ख्या एक लाख ५० हजार ६५२ पुगेको छ । दिल्लीमा चार हजार १७४ सङ्क्रमितको मृत्यु भएको पुष्टि गरिएको छ । राष्ट्रिय राजधानीमा हाल सक्रिय सङ् स्क्रमितको सङ्ख्या ११ हजार ३६६ पुगेको छ ।

दिल्लीमा शुक्रबार कोरोना सङ्क्रमणमुक्त भई घर फर्किनेको सङ्ख्या ७९० रहेको छ भने अहिलेसम्म एक लाख ३५ हजार १०८ सङ्क्रमित निको भई घर फर्किएका छन् । दिल्लीमा हालसम्म १२ लाख ७३ हजार १४० को कोभिड-१९ परीक्षण गरिएको छ ।

सङ्घीय स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार भारतमा गत २४ घण्टामा सङ्क्रमितको सङ्ख्या ६४ हजार ५५३ पुगेको छ भने एक हजार सङ्क्रमितको मृत्यु भएको छ । भारतभर कूल सङ्क्रमितको सङ्ख्या २४ लाख ६१ हजार १९१ रहेको छ भने छ लाख ६१ हजार ५९५ अझै सङ्क्रमित अवस्थामा रहेका छन् । सङ्क्रमितमध्ये देशभर ४८ हजार ४० जनाको मृत्यु भइसकेको छ ।

### बेलारुसका १० पत्रकारको रिहाइको माग

मिन्स्क, ३० साउन (रासस/एएनआई) ।

आन्दोलनको समाचार सङ्कलन तथा सम्प्रेषण गरेको आरोपमा नियन्त्रणमा लिइएका १० पत्रकारलाई अझै हिरासतमा राखिएकोमा बेलारूसको पत्रकार महासङ्घ (बीएजे) का उप-प्रमुखले शुक्रबार बताउनुभएको छ ।

उनीहरूलाई राष्ट्रिय शान्तिमा खलल पुऱ्याउने उद्देश्यले समाचारहरू सम्प्रेषण गरेको आरोपमा अभियोजनकर्ताहरूले हिरासतमा राखी छानविन गर्न अनुमति दिएका छन् ।

महासङ्घका उपप्रमुख बोरिस गोरेत्स्कीले भन्नुभयो, “आफ्ना दश सहकर्मी अझै पनि बेलारूसको विभिन्न क्षेत्रहरुमा हिरासतमा रहेका छन् । बेलारूसमा विपक्षीको आन्दोलनले व्यापक रूप लिँदै गइरहेका समय पत्रकारले आन्दोलनलाई मलजल दिने खालका सामग्री सम्प्रेषण गरेको आरोप लगाउँदै उनीहरूलाई केही दिन पहिले पक्राउ गरिएको थियो ।”

गोरेत्स्कीले समाचार सङ्कलन तथा सम्प्रेषण गरेकै आरोपमा पक्राउ गरी हिरासतमा राखिएका सहकर्मीहरूलाई निशर्त रिहा गर्न सूचना तथा सञ्चार, गृह तथा सञ्चारमाध्यमका प्रतिनिधिहरू सम्मिलित एक बैठकमा माग गर्नुभयो । उहाँले समाचार लेखेकै आधारमा पत्रकारलाई जेलमा राख्न नपाइने भन्दै यस कदमको कडा विरोध गर्नुभयो ।

### अमेरिका र चीनबीच महामारीबीच व्यापार सम्झौताबारे छलफल गर्ने

वाशिङ्टन, ३० साउन (रासस/एएफपी) ।

संयुक्त राज्य अमेरिका र चीनबीचको व्यापार वार्ताबारे शनिबार पूर्व सहमति अनुसार पहिलो चरणको व्यापार सम्झौताको बारेमा छलफल हुने भएको छ ।

कोरोनाभाइरसले विश्व अर्थतन्त्रलाई प्रभावित पार्नु पहिले दुई आर्थिक शक्तिबीचको सम्बन्धमा समस्या देखिइरहेका समय पूर्व सहमति अनुसार छलफललाई अगाडी बढाउन लागिएको हो । विश्वका दुई प्रमुख अर्थतन्त्रबीच सन् २०२० मा उल्लेख्य व्यापार वार्ता तथा सम्झौता हुने अनुमान गरिएको थियो तर अपेक्षा अनुसार वार्ता अघि बढ्न सकिरहेको थिएन ।

वार्ताबारे अमेरिकी तथा चिनियाँ सरकार दुवैले एएफपीसँग पुष्टि गरेका छैनन् तर सम्झौताले हरेक छ महिनामा बैठक बस्ने प्रावधान अनुसार शनिबार वार्ता हुनेछ । यद्यपि यो वार्ताले खासै महत्वपूर्ण सहमति गरिहाल्ने विश्वास विश्लेषकहरूले लिएका छैनन् ।

महामारीले विश्वव्यापी वृद्धि र व्यापारमा ऐतिहासिक संकुचन निम्त्याएको छ । विश्लेषकहरूले सम्झौतामा ठूला परिवर्तनलाई नकारे पनि सम्झौताका लागि वाशिङ्गटन उत्प्रेरक हुनेछ भनेका छन् । “अहिलेसम्म चीन अपेक्षाकृत निष्क्रिय रहेको छ र संयुक्त राज्य अमेरिका तुलनात्मक रूपमा सक्रिय भएको छ,” एएनजेड बैंकका प्रमुख अर्थशास्त्री रेमण्ड येउङले भन्नुभयो । “मेरो विचारमा चीनबाट व्यापार, सहयोग वा बजार खोल्ने सन्दर्भमा धेरै परिवर्तन हुँदैन, मुख्य कुरा अझै पनि अमेरिकाको पक्षमा छ।”

वासिङटन र बेइजिङको जनवरी सम्झौताले महिनौं लामो व्यापार विवादलाई आंशिक सहमतिमा पुऱ्याएको थियो । सम्झौता अनुसार आगामी दुई वषभित्र बेइजिङले थप दुई खर्ब अमेरिकी डलर बराबरको अमेरिकी उत्पादन आयात गर्ने सहमति भएको थियो । ती अमेरिकी उत्पादनमा कार तथा मेसिनरी समान, तेल र कृषिलगायत रहेका छन् ।

पछिल्ला केही महिना यता अमेरिका र चीनबीचको विवादका कारण चीनले अमेरिकाबाट प्रतिवद्धता अनुसार सामान खरिद गर्न सकेको छैन । अमेरिकामा आगामी नोभेम्बरमा हुने राष्ट्रपतीय निर्वाचनमा आउने नेतृत्वले अहिले हुने सम्झौतालाई सहज नस्वीकार्नसक्ने अनुमानसहित चीनले वार्ता गर्न खासै उत्साह नदेखाएको देखिन्छ ।

त्यस्तै अमेरिकी स्वेतहरूको मतले राष्ट्रपति बनेका डोनाल्ड ट्रम्पलाई चीनसँगको सम्बन्ध सुधारमा जति कडा बन्यो त्यतिफाइदा हुनसक्ने देखेर ट्रम्पले चीनसँगको वार्तालाई थाति राखेर अघि बढेको अमेरिकी राजनीतिक जानकारहरूले बेलाबेलामा बिचारहरू व्यक्त गर्ने गरेका छन् । शनिबार सुरू हुने व्यापार वार्ताले के दुबै पक्ष अहिले पनि सम्झौता अनुरूप अघि बढ्न तयार रहने छन् वा सम्बन्ध थप विग्रिने छ भन्ने देखाउने छ, समृद्ध चीनका लागि वित्तीय सेवाहरू प्रदान गर्ने आइएनजीका प्रमुख अर्थशास्त्री आरिस पाङले बताउनुभयो ।

# निजी अस्पताललाई २० प्रतिशत शय्या कोभिड-१९ का लागि राख्न अनुरोध

काठमाडौँ, ३० साउन (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ को सङ्क्रमण बढिरहेकाले निजी अस्पताललाई पनि २० प्रतिशत शय्या कोभिड-१९ को व्यवस्थापनका लागि राख्न अनुरोध गरेको छ।

मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले काठमाडौँ उपत्यकासहित देशभरि नै सङ्क्रमण बढिरहेकाले कोभिड-१९ का बिरामी राख्न निजी अस्पताललाई २० प्रतिशत शय्याको व्यवस्थापन गर्न आग्रह गरिएको बताउनुभयो। अहिले काठमाडौँका शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, बलम्बुस्थित सशस्त्र प्रहरी अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, सिभिल अस्पताल, भक्तपुर अस्पताल र कीर्तिपुरस्थित आयुर्वेदिक अस्पताललाई कोभिड-१९ हब अस्पतालका रूपमा रहेका छन्।

उहाँले कुनै पनि अस्पतालमा भर्ना भएका बिरामी कोभिड-१९ को सङ्क्रमण भएपछि हब अस्पतालको संयोजनमा सोही अस्पतालमा राखेर उपचार गर्नुपर्ने बताउनुभयो। नेपालमा अहिलेसम्म २५ हजार ५५१ जना सङ्क्रमित भइसकेका छन्। तीमध्ये १७ हजार ७७ जना निको भएर घर फर्किसकेका छन् भने ९९ जनाको मृत्यु भइसकेको छ। शुक्रबार मात्र काठमाडौँ उपत्यकामा ११९ जनामा सङ्क्रमण देखिएको छ। काठमाडौँमा ८३, ललितपुरमा ३० र भक्तपुरमा छ जना छन्।

# सर्वोच्चको अदालतको सेवामा कटौती गर्ने निर्णय

काठमाडौँ, ३० साउन (रासस)।

सर्वोच्च अदालतले कोभिड-१९ को सङ्क्रमण बढ्दै गएर न्यायाधीशका निजी सुरक्षाकर्मीमा समेत सङ्क्रमण देखिएपछि आगामी भदौ १५ गतेसम्मका लागि सेवा कटौती गर्ने भएको छ। अदालतले शुक्रबार सूचना जारी गरी बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता र सुनुवाइ, संवेदनशील विषय, तत्काल सुनुवाइ हुनुपर्ने रिटको दर्ता तथा सुनुवाइ एवं मुद्दा फिर्ता र मिलापत्रका काम मात्र गर्ने जनाएको हो।

सूचनामा भनिएको छ, "काठमाडौँ उपत्यकामा समेत सङ्क्रमण बढ्दै गएको र परीक्षणबाट यस अदालतका कर्मचारी, न्यायाधीशका निजी सुरक्षाकर्मी समेतमा सङ्क्रमण देखिई माननीय न्यायाधीशहरू नै होम क्वारेन्टाइनमा रहनु परेको अवस्था छ", सूचनामा भनिएको छ, "यस परिस्थितिमा सेवाप्रवाहमा संकुचन ल्याउन आवश्यक रहेको विषयमा नेपाल बार एशोसिएसन तथा सर्वोच्च अदालत बार एशोसिएसनबाट समेत अनुरोध भई आएको छ।"

काठमाडौँ उपत्यकाका हकमा भने यही साउन ८ गतेदेखि शुरु भएको हदम्याद, म्याद र तारिखमा उपस्थित हुनु व्यवस्था मिलाइएको सूचनामा उल्लेख छ।

**कोरोनाबाट जोगिन सामाजिक दुरी कायम राखौं, मास्कको अनिवार्य प्रयोग गरौं। जथाभावी हिँड्डुल नगरौं।**

## *पहिरामा परेर ...*

दिनुभयो। सोही क्रममा एउटा स्काभेटर र टिप्परमा क्षति भएको छ।

यो वर्षको वैशाखदेखि शुक्रबारसम्म पहिरामा परेर २०६ जनाको मृत्यु भएको छ। अझै ७१ जना बेपत्ता छन्। १६० भन्दा बढी घाइते भएका छन्।

## *प्रहरी र समाजले ...*

गएको खबर सुनाएपछि मन्दिरमा बिवाहका लागि तयार रहेका बेहुला, उनका परिवार तथा उनका आफन्तहरु हतार हतार त्यहाबाट भागे।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी तिलक भारतीले आफूहरुलाई बालविवाह बारे जानकारी आए लगत्तै त्यसलाई रोक्न प्रहरी परिचालन गरिएको बताए। यसअघि जिल्लामा ६ महिनायता तीनवटा बालविवाह अभियन्ता र प्रहरीको संयुक्त प्रयासबाट रोकिएको छ।

# सूचना

**नोभल कोरोना भाईरस (कोभिड(१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता – **हरेराम यादव**
**अध्यक्ष**
**रूपनी गाउँपालिका, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु →
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np